वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदैं आएको 'भञ्ज्याङ'
भञ्ज्याङ bhanjyangnews.com
भञ्ज्याङ BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
बेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोसा !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

वर्ष ४५ अंक १४२ | २०८३ असोज ०८ गते विहीबार, नेपाल सम्वत् ११४६ September 24, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



## पहिरो हटाउनै सकस

पृथ्वी राजमार्गअन्तर्गत तनहुँको व्यास नगरपालिका-१२ स्थित छिर्कनेमा सडक माथिबाट ठूलो चट्टानसहित पहिरो झर्दा सडकको एक लेन पूर्णरूपमा अवरूद्ध भएको छ । पहिरो झरेको एक महिना बितेपनि हटाउने कामले पूर्णता पाउन सकेको छैन । मुग्लिन-पोखरा सडक विस्तार योजना (पूर्वी खण्ड)ले अहिले आधा/आधा घण्टा राजमार्गमा सावारीसधान रोकेर पहिरो हटाउने कार्य गरिरहेको भएपनि ठूलो चट्टान सहित झरेको पहिरो चुनौतीपूर्ण बनेको छ ।

*तस्विर : नारायण खड्का/भञ्ज्याङ*

# बाढीको पूर्वसूचना : नेपालले के सिक्यो, के सिक्न बाँकी छ ?

♦ लक्ष्मण लामा

लाङटाङ लिरूङको माथिबाट खसेको चट्टान र हिउँका कारण गत अगस्ट २६ मा आएको बाढीले नेपालमा १,४०० भन्दा बढी मानिसको ज्यान लिएको छ, ६,००० भन्दा बढी बेपत्ता छन् र करिब २.६ अर्ब डलर बराबरको क्षति पुऱ्याएको अनुमान गरिएको छ ।

खोजी कार्य जारी रहँदा यी तथ्याङ्कहरु थप परिवर्तन हुन सक्छन्। बाढीको भग्नावशेष प्रतिघण्टा १९० किलोमिटरको गतिमा बगेको थियो। सो बिहान नेपालको विद्यमान चेतावनी प्रणाली, स्याटेलाइट कभरेज र अन्तर्राष्ट्रिय सहयोगमा के-कस्ता सीमितता थिए, ती तल विस्तारमा दिइएका छन्। प्रधानमन्त्री बालेन्द्र शाहले सेप्टेम्बर २४ मा संयुक्त राष्ट्रसंघको महासभालाई सम्बोधन गर्ने कार्यक्रम छ।

**अगस्ट २६ को बिहान**

नेपाल-तिब्बत सीमा नजिक रहेको एक सेन्सरले रातभरि नै दश-दश मिनेटको अन्तरालमा बाढीसम्बन्धी तथ्याङ्क पठाएको थियो। तर, बिहान ८:३७ बजेको पहिरो गएको १३ मिनेटपछि ८:५० बजे आउनुपर्ने तथ्याङ्क कहिल्यै आएन ।

जल तथा मौसम विज्ञान विभागले बिहान ९:१५ बजे बाढीको पुष्टि गर्दै सार्वजनिक चेतावनी जारी गऱ्यो। एक मिनेटभित्रै ६,७९,००० मोबाइल फोनमा उक्त चेतावनी पुग्यो। तर, त्यसको तल्लो तटीय क्षेत्रमा कुनै व्यावहारिक प्रभाव परेन, किनकि बाढीले बाटोमा पर्ने ती गेज स्टेसनहरूलाई ध्वस्त पारिसकेको थियो जसले



चेतावनीलाई अगाडि बढाउने थिए।

**सूचीभन्दा बाहिरको खतरा**

वैज्ञानिकहरु अझै पनि बाढीको वास्तविक कारण पत्ता लगाउँदै छन्। तर यो जे भए तापनि, यो कुनै पनि अवस्थित जोखिम सूचीमा थिएन। जल तथा मौसम विज्ञान विभागले घटनापछि मात्र तिब्बतको सीमापारि रहेको क्षेत्रको स्याटेलाइट तस्बिर प्रयोग गरेर यसको स्रोत पत्ता लगाएको हो । यस्तै ढाँचा नेपालको २०२४ को थामे बाढी र सिक्किमको २०२३ को दक्षिण ल्होनाक प्रकोपमा पनि देखिएको थियो । दुवै घटनाहरु कुनै सूचीमा नभएका तालहरूबाट सुरू भएका थिए। यसले के देखाउँछ भने, हिमनदीसँग सम्बन्धित भौगोलिक विशेषताहरु जति छिटो परिवर्तन हुन्छन्, हाम्रो जोखिम सूचीहरूले त्यसको गति समात्न सकेका छैनन्।

**अन्य देशले आफ्नो लगानीबाट के हासिल गरे?**

समान जोखिम सामना गरिरहेका अन्य देशहरूले रोकथाममा प्रत्यक्ष लगानी गरेका छन्, जसको नतिजा पनि देखिएको छ। बंगलादेश यसको सबैभन्दा स्पष्ट उदाहरण हो । सन् १९७० को भोला चक्रवात, जसले ३ देखि ५ लाख मानिसको ज्यान लिएको थियो, त्यसपछिका ५० वर्षसम्म बंगलादेशले चरम गरिबीको अवस्थाबाट माथि उठ्दै १२,००० भन्दा बढी चक्रवात आश्रयस्थल बनायो र ५५,००० भन्दा बढी स्वयंसेवकहरूलाई तालिम दियो ।

फलस्वरूप, सन् २०२० मा उस्तै तीव्र गतिको 'अम्फान' चक्रवात आउँदा बंगलादेशले २४ लाख मानिसलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न सफल भयो र मृत्यु हुनेको संख्या २६ मा सीमित रह्यो। भुटानले पनि सानो स्तरमा यही नीति अपनाएको छ: १० लाखभन्दा कम जनसंख्याका लागि बनेका उनका दुईवटा बाढी चेतावनी नेटवर्कहरु ७५ लाख डलरको लागतमा निर्माण भएका थिए, जसलाई मुख्यतया

बाँकी तेश्रो पेजमा

# घर-आँगनबाटै डेंगी नियन्त्रण गर्न भिमादमा अभिमुखीकरण

भञ्ज्याङ समाचारदाता/भिमाद

डेंगी रोगको संक्रमण बढ्न नदिन घर-आँगनदेखि समुदायस्तरसम्म सरसफाइ र लामखुट्टेको प्रजननस्थल नष्ट गर्नुपर्नेमा स्वास्थ्यकर्मीले जोड दिएका छन् । तनहुँको भिमाद नगरपालिकाको स्वास्थ्य शाखाले आयोजना गरेको डेंगी रोग नियन्त्रण तथा रोकथामसम्बन्धी अभिमुखीकरण




कार्यक्रममा स्वास्थ्यकर्मीले यस्तो बताएका हुन् ।

कार्यक्रममा भिमाद प्राथमिक उपचार केन्द्रका प्रमुख सुदन अधिकारीले डेंगी नियन्त्रणका लागि सरकारी निकायको प्रयास मात्र पर्याप्त नहुने भन्दै समुदायको सक्रिय सहभागिता आवश्यक रहेको बताए ।

डेंगी सार्ने लामखुट्टेले घर, आँगन, टोल तथा सार्वजनिक स्थानमा जमेको सफा पानीमा समेत प्रजनन गर्ने भएकाले पानी जम्नसक्ने सम्भावित स्थान पहिचान गरी नियमित रूपमा नष्ट गर्नुपर्ने उनको भनाइ थियो ।

मेडिकल अधिकृत डा. निराजन विक्रम सिंह सुनारले डेंगीका लक्षण, संक्रमणबाट बच्ने उपाय तथा उपचारमा अपनाउनुपर्ने सावधानीबारे जानकारी गराएका थिए। ज्वरो आउने, टाउको दुख्ने, आँखाको पछाडिको भाग दुख्ने, शरीर तथा जोर्नी दुख्ने, वाकवाकी लाग्नेलगायतका लक्षण देखिएमा स्वास्थ्यकर्मीको परामर्श लिन उनले आग्रह गरे ।

अभिमुखीकरणमा पानी राख्ने भाँडा नियमित सफा गर्ने, धाराका ट्यांकी तथा अन्य पानीका भाँडा ढाकेर राख्ने, गमला, पुराना टायर, बोतललगायतमा पानी जम्न नदिने र घरवरपर सरसफाइमा ध्यान दिनुपर्ने विषयमा जानकारी दिइएको थियो । लामखुट्टेको टोकाइबाट बच्न पूरा बाहुला भएका कपडा लगाउने तथा आवश्यक सावधानी अपनाउनसमेत सहभागीलाई

बाँकी तेश्रो पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# दगामको पर्यटन !

शहरको भीडभाड र कोलाहलबाट केही पर पुग्नेबित्तिकै मानिसले खोज्ने पहिलो कुरा शान्ति हो । हरियाली, खुला आकाश, स्वच्छ हावा र गाउँको सरल जीवनशैलीले मानिसलाई केही समय भए पनि आफ्नै व्यस्त जीवनबाट टाढा लैजान्छ । तनहुँको शुक्लागण्डकी नगरपालिका-२ स्थित दगाम यस्तै अनुभव लिन चाहनेका लागि सम्भावना बोकेको ठाउँ हो । दगामको विशेषता केवल यहाँबाट देखिने हिमाल र पहाडको दृश्यमा मात्र सीमित छैन। गाउँको मौलिक जीवनशैली, मगर र गुरूङ समुदायको संस्कृति, स्थानीय खानाका परिकार, कृषि उत्पादन र आत्मीय आतिथ्यले यस ठाउँलाई फरक पहिचान दिन सक्छ । यही सम्भावनालाई पर्यटनसँग जोड्न सकियो भने दगाम एउटा सामान्य गाउँबाट ग्रामीण पर्यटनको आकर्षक गन्तव्य बन्न सक्छ । दगाममा घरबास प्रवर्द्धन कार्यक्रम आयोजना हुनु सकारात्मक सुरूवात हो । ग्रामीण पर्यटनको विकासका लागि होमस्टे एउटा महत्वपूर्ण माध्यम बन्न सक्छ । तर होमस्टे खोल्दैमा पर्यटक लामो समय गाउँमा बस्छन् भन्ने हुँदैन। पर्यटकलाई गाउँसम्म ल्याउने, उनीहरूलाई केही दिन रोक्ने र गाउँमै खर्च गर्ने वातावरण बनाउन सक्नु मुख्य चुनौती हो।

पर्यटक दगाम किन जाने भन्ने प्रश्नको स्पष्ट उत्तर गाउँले आफैंले दिन सक्नुपर्छ। हिमाल हेर्न, सूर्योदय र सूर्यास्तको आनन्द लिन, गाउँको जीवन बुझ्न, स्थानीय खाना खान, संस्कृति अनुभव गर्न वा कृषि तथा मौरीपालनजस्ता गतिविधिमा सहभागी हुन पाइने हो भने दगामको पर्यटन अनुभव अरु ठाउँभन्दा फरक बन्न सक्छ । त्यसका लागि गाउँको मौलिकतालाई पर्यटन उत्पादनका रूपमा विकास गर्न आवश्यक छ । भुजिकोटसँग जोडिएको दगामको अर्को सम्भावना प्राकृतिक दृश्य हो । धौलागिरिदेखि गणेश हिमालसम्मका हिमशृंखला तथा आसपासका पहाडी भूभागको दृश्य अवलोकन गर्न सकिने क्षेत्रलाई व्यवस्थित ढंगले प्रचार गर्न सकिए आन्तरिक पर्यटक आकर्षित गर्न सकिन्छ । भ्यूटावर निर्माण भइसकेको अवस्थामा त्यसलाई केवल संरचनाका रूपमा राख्ने होइन, त्यससँग जोडेर पदमार्ग, विश्रामस्थल, सूचना केन्द्र र स्थानीय पर्यटन प्याकेज विकास गर्न आवश्यक छ । तर पर्यटन विकासको नाममा गाउँको मौलिकता हराउने खतरा पनि उत्तिकै छ । गाउँमा पर्यटक आएपछि कंक्रिटका ठूला भवन, अव्यवस्थित होटल र बजार विस्तार हुँदै जाँदा त्यही गाउँको प्राकृतिक र सांस्कृतिक आकर्षण कमजोर हुन सक्छ । ग्रामीण पर्यटनको सबैभन्दा ठूलो सम्पत्ति नै गाउँको मौलिकता भएकाले विकास गर्दा त्यसलाई जोगाउने नीति आवश्यक हुन्छ ।

दगाममा सडक, खानेपानी, सरसफाइ, सञ्चार, पदमार्ग र अन्य आधारभूत सुविधा सुधार गर्नुपर्छ । पर्यटकका लागि सहज पहुँच आवश्यक छ । तर सडक पुगेपछि गाउँको स्वरूप नै बदलिनुपर्छ भन्ने होइन । स्थानीय वास्तुकला, परम्परागत घर, हरियाली र प्राकृतिक भूगोललाई जोगाएर आवश्यक पूर्वाधार निर्माण गर्न सकिन्छ । विकास र संरक्षणबीचको सन्तुलन नै दगामको पर्यटन विकासको आधार बन्नुपर्छ । अर्को महत्वपूर्ण विषय स्थानीय उत्पादन हो । पर्यटनको फाइदा गाउँमा भित्र्याउने हो भने पर्यटकले खाने खाना, प्रयोग गर्ने सामग्री र किन्ने उपहारसम्म स्थानीय उत्पादनलाई जोड्नुपर्छ । कोदो, मह, तरकारी, फलफूल, स्थानीय परिकार तथा अन्य रैथाने उत्पादनलाई व्यवस्थित रूपमा बजारमा लैजान सके किसान र घरबास सञ्चालक दुवैले लाभ लिन सक्छन्।

ग्रामीण पर्यटनको सफलता पर्यटकको संख्या गनेर मात्र मापन गर्नु हुँदैन । पर्यटनबाट स्थानीय युवाले रोजगारी पाए कि पाएनन्, गाउँका उत्पादनले बजार पाए कि पाएनन्, घरबास सञ्चालन गर्ने परिवारको आम्दानी बढ्यो कि बढेन र गाउँबाट हुने बसाइँसराइ घटाउन सहयोग पुग्यो कि पुगेन भन्ने प्रश्न महत्वपूर्ण हुन्छ । दगामसामु अहिले यही अवसर र चुनौती दुवै छन् । गाउँबाट युवा बाहिरिँदै जाने र घरहरु खाली हुँदै जाने अवस्था रोक्न गाउँमै आम्दानीको स्रोत सिर्जना गर्नुपर्छ । पर्यटन त्यसका लागि एउटा माध्यम बन्न सक्छ । तर पर्यटनलाई बाहिरबाट ल्याइदिने परियोजनाका रूपमा होइन, स्थानीय समुदायले स्वामित्व लिने अभियानका रूपमा अघि बढाउनुपर्छ । दगामको पर्यटन विकासका लागि सरकार, स्थानीय तह, पर्यटन व्यवसायी र स्थानीय समुदायबीच सहकार्य आवश्यक छ । प्रचार-प्रसारसँगै पर्यटकलाई दिने सेवा र अनुभवमा पनि ध्यान दिनुपर्छ। सामाजिक सञ्जाल र डिजिटल माध्यमबाट दगामको प्राकृतिक सौन्दर्य, संस्कृति, खाना र गतिविधिको प्रचार गर्न सकिन्छ । यसका लागि स्थानीय युवालाई पर्यटन तथा डिजिटल प्रविधिसम्बन्धी सीप दिनु उपयोगी हुनेछ ।

दगामसँग प्रकृतिले दिएको सौन्दर्य छ, समुदायसँग संस्कृति छ र गाउँसँग आफ्नै जीवनशैली छ । अब आवश्यकता यी सबैलाई व्यवस्थित रूपमा पर्यटनसँग जोड्ने हो । पर्यटनको नाममा गाउँ बदल्ने होइन, गाउँको मौलिकतालाई जोगाएर पर्यटन विकास गर्ने सोच आवश्यक छ । दगामको पर्यटन यात्रा अन्ततः पर्यटकको संख्या बढाउने अभियान मात्र हुनु हुँदैन । यो गाउँमै रोजगारी सिर्जना गर्ने, स्थानीय उत्पादनको मूल्य बढाउने, संस्कृति र प्रकृति संरक्षण गर्ने तथा नयाँ पुस्तालाई आफ्नै गाउँमा भविष्य देखाउने अभियान बन्नुपर्छ । प्रकृति जोगाउँदै, संस्कृति बचाउँदै र स्थानीयको आम्दानी बढाउँदै अघि बढ्न सके दगाम घुम्ने ठाउँ मात्र होइन, ग्रामीण जीवन अनुभव गर्ने उदाहरणीय गन्तव्य बन्न सक्छ ।

# कारबाहीको डन्डा होइन, भुईंमान्छेको सबलीकरण गर

युवाले जेनजी आन्दोलन गरे । अहिले युवाकै सरकार, संसद् र राजनीतिक दल पनि उनीहरूकै छ। इतिहासमा यस्तो ऐतिहासिक अवस्था कहिल्यै पनि थिएन र भोलि होला कि नहोला !

बालेन सहित मन्त्रिमण्डलमा पनि युवाकै बाहुल्य छ। शायद बालेन यतिबेला विश्वकै कान्छा प्रधानमन्त्री होलान्। उनकै क्रेजमा यसपालि निर्वाचनमा करिब दुईतिहाइ मत रास्वपाले पायो । युवा प्रधानमन्त्री भएको देशमा किन युवाले नै धमाधम आत्मदाह गरिरहेका छन् ? यो प्रश्नले घोच्न थालेको छ ।

हिजो बसचालक अर्जुन दोङले त्रिपुरेश्वरमा बस जलाएर आत्मदाह गरे। सोही स्थानमा करिब दुई महिना अगाडि मुगुका गणेश नेपालीले पनि आत्मदाह गरेका थिए । घटनाको प्रकृति हेर्दा दुवै समान प्रकारका छन्। यो सरकार गर्न निश्चित कमिसन दिने नीति लिएको पाइन्छ । यही नीतिले गर्दा अचेल ट्राफिकले सानासाना गल्तीमा पनि जरिवाना गर्न थाल्यो। जतिसक्दो जरिवाना लगाएर धेरैभन्दा धेरै कमिसन कमाउन ट्राफिक प्रहरी उद्यत भयो। राज्य र यातायात प्रहरीको स्वार्थको मिलन 'नागरिकलाई जतिसक्दो जरिवाना तिराएर असुली धन्दा चलाउने' भयो ।

जति धेरै जरिवाना गर्न सकिन्छ, त्यति नै आम्दानी राज्य र व्यक्ति (ट्राफिक) दुवैलाई हुने भएपछि नागरिकलाई सास्ती भयो ।

त्रिपुरेश्वरमा भएका दुवै आत्मदाहका घटनाको त्रुटि हेर्दा सामान्य खालका छन्। त्यस्ता गल्तीमा चालकलाई सामान्य सम्झाउने र बुझाउने अनि चेतावनी दिंदा पनि हुने देखिन्छ। गणेश नेपालीले यात्रुलाई ओरालेर एकैछिन पार्किङ गरेको र अर्जुन दोङले हर्न बजाएको देखिन्छ ।

यो सबैको परिणामस्वरूप यहाँ मानिसको भीड बढ्दै गयो । मानिसको चाप बढ्दै जाँदा 'यहाँका पूर्वाधार' पर्याप्त भएनन्। न्यूनतम सुविधाको व्यवस्थापनको भार राज्यलाई पनि बढ्दै गयो । स्वाभाविक रूपमा जनसंख्याको चाप बढेसँगै सबै पूर्वाधारहरु बढाउनैपर्ने भयो ।

देशभरिबाट 'यहाँ आउनैपर्ने बाध्यता सिर्जना गर्ने नीतिहरूमा' पुनरावलोकन नगरिकन पूर्वाधार वृद्धिले मात्रै केही हुँदैन। मानिसको घुइँचो अनियन्त्रित तरिकाले निरन्तर बढिरहने अवस्थालाई सम्बोधन नगरिकन यहाँको सडक जति फराकिलो बनाए पनि, यातायातको संख्या जति थपे पनि केही हुनेवाला छैन ।

त्यसैले सरकारले सामान्य मानिसलाई सामान्य के-के कामको लागि काठमाडौं आउनुपर्ने रहेछ ? तिनीहरूको सूची बनाउन आवश्यक छ। त्यसमध्ये कति कामहरु




आउनेबित्तिकै बागमती किनारमा रहेका सुकुम्बासी बस्ती उठीवास गर्दा एक जना युवाले झुन्डिएर आत्महत्या गरेका थिए। त्यसैगरी बल्खुमा पनि इन्द्रबहादुर राईले आत्महत्या गरेका थिए ।

गत फागुन २१ मा यत्रो उत्साहका साथ मत लगानी गरेका युवाकै सरकार छ; तर युवा नै दिनदिनै आत्मदाह र आत्महत्या किन गरिरहेका छन् ? युवा किन असहाय अनुभूति गरिरहेका छन् ? किन प्रतिरोधको अन्तिम उपाय आत्मदाहलाई ठानिरहेका छन्? शृंखलाबद्ध आत्मदाहको प्रकरणलाई केवल ट्राफिक नियम पालना र उल्लङ्घन, कारबाही र उन्मुक्तिको सानो घेरामा राखेर हेरेर र विश्लेषण गरेर पुग्दैन ।

### ट्राफिक कारबाही उत्प्रेरक

सरकारले ट्राफिक नियम पालना नगरेको, भूलवश भएको त्रुटि र कमजोरीलाई कारबाही ठोकेरै ठीक पार्ने नीति लिएको देखिन्छ ।

**पहिलो-** 'कारबाहीको डन्डा' नै ट्राफिक नियम पालना र सुधारको पहिलो र अन्तिम उपायका रूपमा लिएको नीति उचित छैन।

**दोस्रो-** कारबाही गरेरै राजस्व वृद्धि गर्ने नीति लिएको देखिन्छ। त्यसको लागि कारबाही गरेबापत ट्राफिकलाई प्रोत्साहन

यी दुवै त्रुटि तुरुन्तै कारबाहीको डन्डा चलाएर नगद जरिवाना गर्ने प्रकृतिको छैन । दुवै चालकलाई सामान्य ढङ्गले सम्झाउँदा पनि समाधान हुने खालका छन् ।

बालेन सरकार आउनेबित्तिकै विभिन्न प्रकारका त्रुटिहरूमा यति हजार उति हजार कारबाही गर्ने हल्ला चल्यो । सरकारले पनि त्यस्तै नियम ल्याउने लहडबाजी गर्‍यो । यसले पनि युवा चालकहरूलाई आताङ्कित बनाउने काम भयो । सरकारले ट्राफिक नियम पालना गराउन जरिवानाको राशि वृद्धि गरेर मात्रै हुन्छ भन्ने नीतिमा सबैभन्दा बढी खोट छ । यस्तो नीति र सोच परिवर्तन गर्न आवश्यक छ ।

### जनसंख्याको चाप निवारण

काठमाडौं उपत्यकामा विगत ५० वर्षदेखि जनसंख्याको चाप निरन्तर बढ्दो छ । राज्यले केन्द्रीकृत नीति लिएकाले गर्दा सम्पूर्ण देशलाई नै काठमाडौंमुखी बनाउँदै ल्यायो। हाम्रा गाउँहरु, राजधानी भन्दा बाहिरका अन्य शहरहरूलाई परनिर्भर र काठमाडौं आश्रित नीतिहरूले गर्दा सानासाना कामका लागि पनि मानिसहरु यहीं आउनुपर्ने बनायो। सबैलाई पढ्न, उपचार गर्न, रोजगारीको लागि लगायत तमाम कामको लागि यहीं आउन बाध्य बनायो ।

स्थानीय र प्रदेश सरकारले सोही स्तरमै' सम्बोधन गर्न सकिन्छ ? कति कामहरु सम्बोधन गर्न संघ सरकारले स्थानीय र प्रदेश सरकारलाई मद्दत गर्नैपर्छ ? त्यसको सूची बनाएर काम अगाडि बढाउन आवश्यक छ ।

हाम्रो संविधानले तीन वटा सरकारहरु बीचको सम्बन्धलाई तीन 'स' बाट परिभाषित र निर्देशित गरेको छ- सहमति, सहकार्य र समन्वय। संविधानको मर्मलाई आत्मसात् गरेर त्यसको उचित परिपालना गर्न पनि ती तीन वटा शहरको कार्यान्वयन जरूरी छ। काठमाडौं आउन बाध्य बनाउने परिस्थितिलाई सम्बोधन नगरिकन जुनसुकै उपाय अपनाए पनि त्यो दिगो र दीर्घकालीन समाधान हुन सक्दैन।

### भुइँमान्छेको सबलीकरण

बालेन सरकार बनेपछि आत्मदाह र आत्महत्या गरेका व्यक्तिहरु को हुन् ? तिनीहरूको पृष्ठभूमि के हो ? उनीहरूको इतिहास के हो? उनीहरु कुन जातजातिका हुन्? ती जातीय समूहमाथि नेपाली राज्यले विगतमा कस्तो नीति लिएको थियो ? वर्तमानमा उनीहरुको सामाजिक, राजनीतिक, आर्थिक, शैक्षिक र अन्य अवस्थाहरु के-कस्ता छन् ? पुस्तौंदेखि

बाँकी तेस्रो पेजमा

## तपाईको आज

**मेष**
अवसरका लागि केही दौडधुप गर्नुपर्ला । खर्च लागे पनि लगानी बढाउने अवसर प्राप्त हुनेछ ।

**वृष**
फाइदा सामान्य भए पनि तारिफयोग्य काम थालनी हुनेछ। धर्मकर्म तथा परोपकारमा प्रवृत्त भइएला।

**मिथुन**
निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय रहेकाले हतारमा निर्णय नलिनुहोला ।

**कर्कट**
प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ला। शत्रु र प्रतिस्पर्धीबाट जोगिएर काम गर्नुहोला ।

**सिंह**
आफन्त टाढिने हुँदा होसियारीसाथ काम लिनुहोला। भविष्यका लागि केही वस्तु त्याग्नुपर्ला ।

**कन्य**
कीर्तिमानी काम गर्ने समय छ। सानो प्रयत्नले जीवनशैलीमा सुधार ल्याउन सकिनेछ ।

**तुला**
इच्छाशक्ति बढ्नुका साथै कीर्तिमानी कामको यश लिने अवसर प्राप्त हुनेछ । परिवारजनको साथ रहन्छ।

**वृश्चिक**
दिन रमाइलो र उत्साहजनक रहनेछ । प्रियजनसँग भेटघाट वा सम्पर्क हुनेछ ।

**धनु**
काममा रूचि बढ्नेछ भने व्यापारमा राम्रै लाभ हुनेछ । बुद्धिको उपयोगले मनग्य धन आर्जन हुनेछ ।

**मकर**
बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। भौतिक साधन जुट्नेछन् ।

**कुम्भ**
केही बाध्यात्मक परिस्थितिमा अलमलिनुपर्ला नतिजा सच्याउन काम दोहोर्याउनुर्नेछ ।

**मीन**
दिगो योजनाका लागि धेरै रकम जुटाउनुपर्ला । अवसरका लागि केही दौडधुप गर्नुपर्नेछ ।



**सडक खुल्ने प्रतिक्षा :** पृथ्वी राजमार्गअन्तर्गत तनहुँको व्यास नगरपालिका-१२ स्थित छिर्कनेमा सडक माथिबाट ठूलो चट्टानसहित झरेको पहिरो हटाउने कार्यका लागि आधा/आधा घण्ट सडक अवरूद्ध गरिएपछि अवरूद्ध सडक खुल्ने प्रतिक्षामा यात्रु र सवारीसाधान । पहिरोका कारण यस खण्डमा विगत एक महिनादेखि एक लेनमा मात्र सावारी साधान सञ्चालन हुँदै आएका छन् । *तस्विर : भञ्ज्याङ*

# कारबाहीको डन्डा होइन, .........

उनीहरूले भोग्दै आएको बहिष्करण र विभेद कस्तो थियो ? यी सबै पक्षहरूको गहिरो अध्ययन र विश्लेषण नगरिकन सही निचोडमा पुग्न सकिंदैन ।

सरसर्ती नाम हेरौं। त्रिपुरेश्वरमा बस जलाउने अर्जुन दोङ हुन्। उनी मकवानपुर इन्द्रसरोवर गाउँपालिकाका हुन् । उनी तामाङ हुन्। तामाङमाथि नेपाली राज्यले विगत पाँच सय वर्ष वरपरदेखिको इतिहास मात्रै हेर्दा कहालीलाग्दो देखिन्छ।

उनी हिजो काठमाडौंका राजा, राणा र दरबारका मानिसहरूलाई चाहिने विलासी गाडी रक्सौल, वीरगन्ज, सिमरा, अमलेखगन्ज, हेटौंडा र भीमफेदी हुँदै ल्याउने बाटोमा बस्ने भुइँमान्छे हुन्। उनका पुर्खालाई यो राज्यले जबर्जस्ती गाडी बोक्न लगायो। अस्ति भर्खर २०१३ सालसम्म त्रिभुवन राजपथ नबन्दासम्म उनका पुर्खाले काँधमा गाडी बोकेर काठमाडौं ल्याएका थिए।

त्यसैगरी गणेश नेपाली मुगुका हुन्। मुगु आफैंमा दुर्गम र विकट जिल्ला हो। त्यसमाथि उनी दलित समुदायका परे। उनी भूगोल र जातका आधारमा हजारौं वर्षदेखि राज्यको प्रताडना भोग्दै आएका पुर्खाका वारिस हुन्। दलितले आजका दिनमा त सामान्य मानवीय हैसियत पाएका छैनन्; काठमाडौंमा भाडामा बस्ने कोठा समेत पाउँदैनन्। बेलाबेलामा यस्ता काण्डहरु सार्वजनिक मिडियामा आइरहन्छन्।

त्यसैगरी सुकुम्वासी बस्तीमा डोजर चलाउँदा रविनले आत्महत्या गरेका थिए। रविनका परिवारलाई २०७२ सालको भुइँचालोले विस्थापित गरेको थियो। गाउँको घर भूकम्पले लडायो; त्यहाँ गुजारा गर्न नसक्ने भएपछि शहरमा आएका रहेछन्। रविनको पृष्ठभूमि पनि तामाङ भएकाले उनले पनि राज्यले तामाङप्रति जे नीति अपनायो, त्यसको भागीदार त हुने नै भए। उनका पुर्खालाई राज्यले पिपा बनायो, किपट खोसियो। राज्य र प्रकृति दुवैले एकैपटक गाँजेपछि मानिसको के नै चल्छ र !

बल्खुमा हामफालेर आत्महत्या गरेका राई पनि खोटाङबाट आएर तरकारी बेचेर गुजारा चलाउने भुइँमान्छे नै हुन् । माथिका यी चारै जना पात्रहरूका जीवनकथामा समानता छ। ती सबै जना भुइँमान्छे हुन्; जीवन गुजाराका न्यून सहाराका विकल्प भएका मानिसहरु हुन्। मानिसले आफ्नो जिउने एउटै सहारा पनि सरकारले खोसेपछि अँध्यारो बाहेक केही नदेख्दो रहेछ।

बेसहारा वर्तमान र अन्धकार भविष्यमा मानिसले निराश भएर आत्महत्या वा आत्मदाहको बाटो रोज्दा रहेछन्। त्यसैले सरकारले कुनै पनि ट्राफिक नियम वा अन्य सरकारको कानून र नियमको पालना गराइरहँदा भुइँमान्छेको जीवनलाई सबलीकरण गर्दै सँगसँगै लैजानु आवश्यक छ। उनीहरूलाई सशक्तीकरण र सबलीकरण नगरी केवल सरकारको नियम पालना र कारबाहीको डन्डाले भुइँमान्छेको जीवन जिउने आधार खोसेको देखियो।

### अन्तरविधागत दृष्टिकोण

अहिले युवाले आत्मदाह गरेका एकाध घटनाभन्दा पनि गम्भीर विषय हो- मुख्य कुरा धमाधम युवाले आत्मदाह गर्न थाल्नु ।

युवाहरूका आत्मदाहले के संकेत दिन्छ भने- हाम्रा युवाहरु कति निराश रहेछन्! त्यसले निराशाको मात्रा देखाउँछ। राज्यका विभिन्न निकायहरूबाट ती नागरिक (युवाहरु) लाई आजित (टर्चर) गरेको देखियो। टर्चर चाहे त्यो व्यक्ति, कुनै समूह वा स्वयं राज्य नै किन नहोस्; त्यो अनुचित हो। सरकारका विभिन्न जिम्मेवारीमा रहेकाहरूले सामान्य नागरिकको पनि आत्मसम्मान हुन्छ र त्यसको सम्मान गरिनुपर्छ भनेर बुझ्नुपर्छ।

अहिले त्रिपुरेश्वरमा बसचालक युवाले आत्मदाह गरे, त्योभन्दा दुई महिनाअगाडि त्यही स्थानमा अर्कोले पनि आत्मदाह गरेका थिए। राज्यले सामान्य छानबिन समिति बनायो, नियमित प्रकारकै प्रतिवेदन बुझायो र पीडितका परिवारलाई सामान्य क्षतिपूर्ति दियो अनि सक्यो। त्यसपछि सबै आफ्नै धुनमा लाग्ने, पुनः यस्तै घटनामा यस्तै प्रकारले सिसिफसको कथा जस्तो ढुङ्गा डाँडामा ठेलेर लैजाने, खसाल्ने र पुनः चुचुरोमा लैजाने खेल जस्तै भइरहनेछ।

कुनै पनि घटनाको बहुपक्षीय सम्बन्ध र आधारहरु हुन्छन्। ती समस्याहरु अन्तरविधागत हुन्छन्। अन्तरविधागत समस्याको समाधान पनि अन्तरविधागत नै हुन्छ। अन्तरविधागत समस्याको विश्लेषण गर्दा बहुदृष्टिकोण चाहिन्छ। बहुदृष्टिकोणलाई अन्तरसम्बन्धित गराएर घटनालाई हेर्नु र बुझ्नुपर्छ।

अहिले एसएसपीको नेतृत्वमा छानबिन समिति बनाएको छ। यो विषय कोरा प्रहरीको मात्रै होइन; सुरक्षा र कानूनको दृष्टिकोणले मात्रै समाधान निकाल्न हुँदैन। यो विषयलाई बुझ्न, गहिरो अनुसन्धान गर्न समाजशास्त्री, अर्थशास्त्री, मनोविद्, विकासविद् र अन्य विषयका विज्ञहरु पनि चाहिन्छ। घटना घट्यो, छानबिन समिति बनायो, प्रतिवेदन बुझायो र पीडितलाई क्षतिपूर्तिस्वरूप केही नगद दियो अनि सक्यो ! मूल प्रश्न भविष्यमा यस्ता घटना नदोहोरियून् भन्नेतर्फ विशेष ध्यान दिनुपर्छ। अन्तरविधागत दृष्टिकोणलाई नीति निर्माणमा लागू गर्न जरूरी छ। अनलाइनखबरबाट

*(थिङ नेपाल खुला विश्वविद्यालयमा अध्यापन गर्दछन्।)*

# घर-आँगनबाटै डेंगी ........

सुझाव दिइएको थियो ।

कार्यक्रममा वडा सदस्य, टोल विकास समितिका पदाधिकारी तथा सदस्य, महिला स्वास्थ्य स्वयंसेविका, महिला समूहका सदस्य, स्थानीय अगुवा तथा सर्वसाधारणको सहभागिता थियो।

सहभागीलाई घरदेखि समुदायसम्म डेंगी नियन्त्रणका लागि सरसफाइमा ध्यान दिन, लामखुट्टेको बासस्थान पहिचान गरी नष्ट गर्न तथा डेंगीसम्बन्धी गलत धारणा हटाउँदै सही सूचना समुदायमा पुऱ्याउन आग्रह गरिएको थियो ।

नगरपालिकाले आगामी दिनमा आवश्यकता अनुसार समुदायस्तरमा डेंगीसम्बन्धी सचेतना तथा लामखुट्टेको प्रजननस्थल खोजी-नष्ट गर्ने अभियानलाई निरन्तरता दिने जनाएको छ ।

# बाढीको पूर्वसूचना : ........

'ग्लोबल इन्भायरन्मेन्ट फ्यासिलिटी'ले सहयोग गरेको थियो। नेपालले यी दुवै क्षेत्रमा त्यस्तो तुलनात्मक लगानी गर्न सकेको छैन।

### नेपालका स्याटेलाइटहरु

नेपालले दुई पटक आफ्नै स्याटेलाइट निर्माण गर्ने प्रयास गरेको छ, जुन प्रयास अन्य समान आयस्तर भएका देशहरूले पनि गरेका छन्। एउटा नेपाली स्याटेलाइटको क्षमता बाढी-म्यापिङका लागि उपयुक्त थिएन, अर्को सन् २०२६ को जनवरीमा लन्च गर्ने क्रममा असफल भयो। यसको विपरीत, यसपटकको बाढीको नक्सांकन गर्ने तस्बिरहरु अन्य देशका स्याटेलाइटहरूले केही दिनभित्रै निःशुल्क उपलब्ध गराएका थिए। यस्ता तस्बिरहरूको मुख्य उद्देश्य कुन-कुन तालमा निगरानी आवश्यक छ भनी पहिचान गर्नु हो, जसको संख्या नेपालमा अहिले २१ छ । कुनै ताल कहिले फुट्छ भनेर निश्चित घण्टा पत्ता लगाउनु एक छुट्टै कार्य हो, जुन जोखिम नजिक राखिएका र सामुदायिक चेतावनी प्रणालीसँग जोडिएका ग्राउन्ड सेन्सरहरूद्वारा गरिन्छ। यो स्याटेलाइटको तुलनामा निकै सस्तो पर्छ । उदाहरणका लागि, नेपालको रातु नदीमा रहेको क्ष्ऋक्ष्ःइम् को प्रणालीले ६४,००० मानिसलाई करिब तीन घण्टा अघि नै चेतावनी दिने गर्दछ।

### नेपालले के पाइरहेको छ?

नेपालले प्रकोपको स्याटेलाइट म्यापिङ निःशुल्क पाइरहेको छ, यद्यपि यो नेपालको आफ्नै व्यवस्था भने होइन। यो बाढीको सूचना दिन प्रयोग भएका दुई च्यानलमध्ये 'कोपरनिकस' को आपतकालीन व्यवस्थापन सेवा, जसले केही दिनमै बाढीको दायरा नक्सांकन गऱ्यो, त्यो केवल युरोपेली संघ र त्यसका सदस्यहरूका लागि मात्र सीमित छ। नेपाल त्यसको सदस्य होइन। अर्को च्यानल 'इन्टरनेसनल चार्टर स्पेस एण्ड मेजर डिजास्टर्स' ले एसियन डिजास्टर रिडक्सन सेन्टरमार्फत नेपालका लागि अनुरोध गर्नुपऱ्यो ।

यी दुवै प्रणाली तब मात्र सक्रिय हुन्छन् जब प्रकोप घोषित भइसकेको हुन्छ, पहिले होइन। प्रकोप आउनुअघि नै जोखिमयुक्त क्षेत्रमा स्याटेलाइटलाई सक्रिय राख्ने व्यवस्था गर्न सके यो निकै प्रभावकारी हुनेछ, र यसका लागि अन्तर्राष्ट्रिय प्रणालीलाई धेरै खर्च पनि लाग्दैन, किनकि ती स्याटेलाइटहरु हिमालय माथिबाट नियमित रूपमा गइरहेकै हुन्छन्। यो संयुक्त राष्ट्रसंघको मञ्चमा राख्न सकिने एक विशिष्ट र कार्यान्वयनयोग्य प्रस्ताव हो ।

### आर्थिक पक्ष

विश्व बैंकको एक प्रतिवेदन अनुसार पूर्व-चेतावनी प्रणालीमा गरिएको लगानीले आफ्नो लागतको तुलनामा कैयौं गुणा बढी प्रतिफल दिन्छ । यो २.६ अर्ब डलरको क्षतिलाई हेर्दा, लगानीको महत्त्व प्रस्ट हुन्छ। तर, नेपालको बजेटमा यस्तो निगरानी प्रणालीका लागि कुनै छुट्टै शीर्षक राखिएको छैन। बाढीका लागि अन्तर्राष्ट्रिय स्रोतबाट करिब २२९ मिलियन डलर र स्वदेशबाट ८६.७ मिलियन डलर सहयोग प्राप्त भएको छ, जसको अधिकांश हिस्सा उद्धार र पुनर्स्थापनामा खर्च भइरहेको छ। सन् २०१५ को भूकम्प पछि पनि यस्तै सहयोग प्राप्त भएको थियो, तर ४.१ अर्ब डलरको प्रतिबद्धतामध्ये ६ वर्षपछि करिब ४० प्रतिशत मात्र खर्च भएको थियो । थप सहयोग आउनु भन्दा पनि, प्राप्त रकमको सही बाँडफाँड कसरी हुन्छ भन्ने कुरा बढी महत्त्वपूर्ण छ।

### प्रविधिको पछाडिका संस्थाहरु

नेपाली अनुसन्धानकर्ताहरूले 'नेपाली स्याट-१' र 'मुनाल' (जुन जनवरीमा लन्चका क्रममा असफल भयो) जस्ता परियोजनामार्फत वास्तविक प्राविधिक महत्वाकांक्षा देखाएका छन्। तर, स्याटेलाइट वा सेन्सरको तथ्याङ्कलाई प्रयोगयोग्य चेतावनीमा बदल्नका लागि निरन्तर काम गर्ने र बजेट प्राप्त संस्था आवश्यक पर्दछ।

हाल नेपालमा यो जिम्मेवारी विभिन्न निकायमा छरिएको छ। जल तथा मौसम विज्ञान विभागमा छुट्टै 'क्रायोस्फियर' (हिमनदी अध्ययन) एकाइ छैन र 'राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण' ले आफैं विश्लेषण गर्नुभन्दा अन्तबाट प्राप्त विश्लेषणमा निर्भर हुनुपर्ने अवस्था छ। यो क्षेत्रमा काम गर्ने वास्तविक संस्था ICIMOD हो, जो एक क्षेत्रीय संस्था हो, नेपाल सरकारको होइन। विश्वविद्यालय र तिनलाई सहयोग गर्ने निकायहरूले यो खाडल पुर्न सक्छन्, तर यो काम हरेक विपद्पछि कसले गर्ने भनी अल्मलिने नभई, एक स्थायी कार्यको रूपमा हुनुपर्छ।

### निष्कर्ष

पहिलो, नेपालको स्याटेलाइट पहुँच पर्याप्त छः निःशुल्क तस्बिरहरु उपलब्ध छन् र अन्तर्राष्ट्रिय निकायहरूले विपद्को केही दिनमै प्रतिक्रिया दिइरहेका छन्। दोस्रो, वास्तविक समस्या जमिनको सतहमा छ, जहाँ जोखिम नजिकै सेन्सरहरु राख्नु आवश्यक छ, ताकि एउटै बाढीले सबै प्रणाली ध्वस्त नहोस् । यो स्याटेलाइटभन्दा सस्तो प्रविधि हो। तेस्रो, नेपाल विपद्को प्रतिक्रिया दिनमा सक्षम छ, तर त्यसलाई रोक्नमा अझै तुलनात्मक रूपमा कमजोर छ। यो समस्याको समाधान एउटा उचित घरेलु निगरानी बजेट, तथ्याङ्कलाई निर्णयमा बदल्ने जिम्मेवार संस्था र राष्ट्रसंघमा स्थायी स्याटेलाइट प्राथमिकताको स्पष्ट प्रस्तावबाट सुरू हुन सक्छ । रातोपाटीबाट





# मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

**फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**

**असोज १० गते शनिबार**



**डा. जयन्ती ज्वारचन**
वरिष्ठ छाला, यौन, कुष्ठ तथा सौन्दर्य रोग विशेषज्ञ
(Manipal Teaching Hospital, Pokhara)

**सुन्दर छाला, स्वस्थ यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं।**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला।
२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।
३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

**हाम्रा उपलब्ध सेवाहरु :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।

# पोखराबाट फ्लाई दुबईको नियमित अन्तर्राष्ट्रिय उडान




**भञ्ज्याङ समाचारदाता/पोखरा**

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट फ्लाई दुबईले नियमित अन्तर्राष्ट्रिय उडान सुरू गरेको छ । बुधबार पहिलो उडानमार्फत फ्लाई दुबईको जहाज पोखरा अवतरण गरेसँगै लामो समयदेखि प्रतीक्षामा रहेको पोखराबाट नियमित अन्तर्राष्ट्रिय हवाई सेवा सञ्चालनमा आएको हो ।

दुबईबाट आएको फ्कलाई दुबईको जहाज बुधबार बिहान ६:१५ बजे पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको विमानस्थलका सूचना अधिकारी विनोदसिंह रावतले जानकारी दिए। उनका अनुसार जहाजमा ११३ यात्रु पोखरा आएका छन् । पोखराबाट १५३ यात्रु लिएर ७:१५ बजे जहाज दुबईका लागि उड्नेछ।

पोखरा आइपुगेका यात्रुलाई पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यसहित पर्यटन क्षेत्रका व्यवसायीले विमानस्थलमा स्वागत गरेका थिए । पोखराबाट पहिलो अन्तर्राष्ट्रिय उडानमार्फत विदेश प्रस्थान गर्ने यात्रुलाई महानगर प्रमुख आचार्यले बिदाइसमेत गरे।

उडान सुरू भएसँगै पोखराका पर्यटन व्यवसायीले पनि पर्यटक आकर्षित गर्न विभिन्न छुट तथा विशेष प्याकेज सार्वजनिक गरेका छन्। होटल तथा रेष्टुराँ व्यवसायीले फ्लाई दुबईको उडानलाई लक्षित गर्दै पर्यटकका लागि छुटका योजना ल्याएका हुन्।

महानगर प्रमुख आचार्यले पोखराबाट नियमित अन्तर्राष्ट्रिय उडान सुरू हुनु पोखरेलीका लागि खुसी र गौरवको विषय भएको बताए । उनले यो सेवा निरन्तर सञ्चालन हुने अपेक्षा व्यक्त गरे । उनले भने, "आज हामी सबै पोखरेलीका लागि खुशी र गौरवको दिन हो ।"

सन् २०२३ जनवरी १ मा उद्घाटन गरिएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट यसअघि आन्तरिक उडान हुँदै आए पनि नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालन हुन सकेको थिएन । फ्लाई दुबईको उडानसँगै पोखरा अन्तर्राष्ट्रिय विमानस्थलले पहिलेपटक नियमित अन्तर्राष्ट्रिय हवाई सेवाको ढोका खोलेको हो।

दुबई-पोखरा-दुबई हवाई सम्पर्क सुरू भएपछि पोखरा आउने विदेशी पर्यटकका लागि हवाई पहुँच सहज हुने तथा पर्यटन व्यवसायमा समेत सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ ।

# रास्वपामा 'नयाँ-पुरानो' होइन, अब्बल बन्ने प्रतिस्पर्धा हुनुपर्छ : महामन्त्री आचार्य

**भञ्ज्याङ समाचारदाता/दमौली**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का महामन्त्री विपिन आचार्यले पार्टीभित्र नयाँ र पुरानोको नाममा विभाजन र प्रतिस्पर्धा गर्नुभन्दा क्षमता, योग्यता र योगदानका आधारमा अघि बढ्ने वातावरण बनाउनुपर्ने बताएका छन्।

रास्वपा तनहुँको विस्तारित बैठकलाई बुधबार दमौलीमा सम्बोधन गर्दै महामन्त्री आचार्यले पार्टी संगठनमा जिम्मेवारी पाउँदा व्यक्ति कहिले जोडियो भन्नेभन्दा उसको क्षमता र योगदानलाई आधार बनाउनुपर्ने बताए ।




उनले तनहुँमा पनि 'नयाँ' र 'पुरानो' समूहका रूपमा प्रतिस्पर्धा गर्ने प्रवृत्ति विकास हुन नहुने बताउँदै पार्टीभित्र स्वस्थ र सकारात्मक प्रतिस्पर्धाको वातावरण बनाउन आग्रह गरे ।

"नयाँ-पुरानो भन्ने कुरा रास्वपामा हुँदैन । तनहुँले पनि यही मर्मलाई अगाडि बढाओस्", उनले भने, "तनहुँको पार्टी संरचनामा नयाँ र पुरानोबीच प्रतिस्पर्धाभन्दा पनि को अब्बल छ भन्ने कुराको प्रतिस्पर्धा होस् ।"

महामन्त्री आचार्यले पार्टीमा अवसर र जिम्मेवारी दिँदा व्यक्तिको क्षमता, योग्यता तथा योगदानलाई प्राथमिकतामा राख्नुपर्ने बताए । संगठनलाई प्रभावकारी बनाउन व्यक्तिकेन्द्रितभन्दा क्षमता र योगदानमा आधारित कार्यसंस्कृति आवश्यक रहेको उनको भनाइ थियो ।

बैठकमा तनहुँको पार्टी संगठनको अवस्था, आगामी कार्यदिशा तथा संगठन सुदृढीकरण लगायत विषयमा छलफल भएको रास्वपा तनहुँका सभापति विश्वनाथ बास्तोलाले जानकारी दिए ।

बैठकले जिल्लामा पार्टी संगठनलाई थप व्यवस्थित बनाउने, आगामी गतिविधिलाई प्रभावकारी बनाउने तथा स्थानीय तहसम्म संगठन विस्तारका विषयमा समेत छलफल गरेको जनाइएको छ ।

**शान्तिपूर्ण समाज निर्माण गरौं**

- शान्ति, सहिष्णुता र भाइचाराको भावना विकास गरौं,
- मतभेदलाई संवाद, सहकार्य र समझदारीबाट समाधान गरौं,
- जाति, धर्म, भाषा, संस्कृति तथा विचारका आधारमा हुने विभेद अन्त्य गरौं,
- बालबालिका, महिला तथा कमजोर बर्गको अधिकार र सुरक्षाको सम्मान गरौं,
- हिंसा, द्वन्द्व, घृणा र वैमनस्यको अन्त्यका लागि योगदान दिऔं,
- सामाजिक तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सद्भाव कायम राखौं,
- परिवार, विद्यालय र समुदायमा शान्ति र अहिंसाको संस्कार विकास गरौं ।

विश्व शान्ति र मानवताको संरक्षणमा आफ्नो भूमिका निर्वाह गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## facebook twitter



**Deepak Raj Joshi**
x.com/kapeed

यदि तपाईंलाई साँच्चै राजनीतिमा चासो राख्नु हुँन्छ, राजनीति के हो र राजनीति कस्तो हुनुपर्छ भन्ने चेत छ भने एउटा कुरा बुझ्नैपर्छ।राजनीतिमा दुईथरी खेलाडी हुन्छन्, समाजद्रोही र देशद्रोही।

हरेक राष्ट्रमा यी दुवै प्रवृत्ति हुन्छन् । फरक यति हो। कुन समयमा कुन प्रवृत्ति हाबी हुन्छ। हामीले वर्षौंदेखि राजनीति गरिरहेका धेरै मानिसमा समाजप्रतिको बेइमानी, स्वार्थ र अवसरवाद देख्यौं। उनीहरु समाजद्रोही थिए, छन् । तर देशकै अस्तित्व, स्वाधीनता र राष्ट्रिय हितलाई सौदाबाजीमा राख्ने देशद्रोही प्रवृत्ति भने तुलनात्मक रूपमा कम थियो। अब आउने राजनीति कहाँ पुग्छ, त्यो हेर्न बाँकी छ। किनकि समाज बिगार्नु र देश बिगार्नु एउटै कुरा होइन। समाज बिग्रियो भने पुस्तौं लागे पनि सुधार्न सकिन्छ। व्यवस्था बिग्रियो भने अर्को व्यवस्था बनाउन सकिन्छ। नेतृत्व खराब भयो भने अर्को नेतृत्व आउन सक्छ ।

तर देश नै गुम्यो भने? त्यसपछि न सुधार गर्ने समाज रहन्छ, न बनाउने व्यवस्था, न राजनीति गर्ने भूमि। त्यसैले अब राजनीतिमा सबैभन्दा ठूलो प्रश्न को प्रधानमन्त्री बन्छ, को मन्त्री बन्छ, कुन पार्टी जित्छ भन्ने होइन ।

सबैभन्दा ठूलो प्रश्न हो ? हामीले राजनीति गर्दै गर्दा देश बचाउँदैछौं कि देशको भविष्यसँग खेल्दैछौं? सत्ता केही वर्षको हुन्छ। नेता केही पुस्ताका हुन्छन्। तर राष्ट्र पुस्तौंको साझा सम्पत्ति हो। देशलाई कमजोर बनाएर सत्ता बलियो बनाउने राजनीति अन्ततः राजनीति होइन त्यो राष्ट्रमाथिको अपराध हो ।



**Muma Ram Khanal**
x.com/MumaRamKhanal

नेपाली काँग्रेसमा विशेष महाधिवेशनबाट नेतृत्व परिवर्तन गरेजस्तै पार्टीलाई विधानसम्मत नेतृत्व दिन कम्युनिष्ट दलहरूमा संभव नै छैन । या त पुरानो नेतालाई 'कू' गर्ने हो वा फुटेर जाने हो । काँग्रेसजस्तो खुकुलो दलमा त देउवाको दादागिरी आजसम्म राजनीतिक वान्ताको दुर्गन्धबाट संक्रमित छ भने कम्युनिष्टहरु त यसै पनि राजनीतिको झ्याल र ढोका बन्द गरेर राजनीतिक मलमुत्रको दुर्गन्धलाई 'सुगन्ध'को समरगाथा बनाएर महिमागान गाउने दुर्लभ प्राणीहरु हुन् ।

# भारी वर्षाको सम्भावनापछि लमजुङ-मनाङ सडकमा उच्च सतर्कता

**भञ्ज्याङ समाचारदाता/लमजुङ**

मौसममा आएको परिवर्तनसँगै भारीदेखि धेरै भारी वर्षाको सम्भावना देखिएपछि लमजुङ प्रशासनले बेंसीसहर-चामे सडकखण्डसहित जिल्लाका जोखिमयुक्त क्षेत्रमा उच्च सतर्कता अपनाउन आग्रह गरेको छ । मौसम पूर्वानुमान महाशाखाले शुक्रबारदेखि असोज ११ गतेसम्म गण्डकी प्रदेशका केही क्षेत्रमा भारीदेखि धेरै भारी वर्षा हुनसक्ने प्रक्षेपण गरेपछि जिल्ला प्रशासन कार्यालय लमजुङले सम्भावित बाढीपहिरोको जोखिमलाई मध्यनजर गर्दै पूर्वतयारी थाल्न सम्बन्धित निकायलाई निर्देशन दिएको हो ।

सहायक प्रमुख जिल्ला अधिकारी दीपक पौडेलले सूचना जारी गर्दै स्थानीय तह तथा विपद् व्यवस्थापनसँग सम्बन्धित निकायलाई आवश्यक जनशक्ति, स्रोतसाधन र उद्धार संयन्त्र तयारी अवस्थामा राख्न आग्रह गरे । वर्षाका कारण सडक अवरूद्ध हुनसक्ने भएकाले जोखिमयुक्त स्थानमा निगरानी बढाउनसमेत भनिएको छ ।

बेंसीसहर-चामे सडकका विभिन्न ठाउँमा सामान्य वर्षामै पहिरो जाने समस्या रहेकाले लगातारको वर्षाले सडक यातायात प्रभावित हुने सम्भावना रहेको प्रशासनले जनाएको छ । बाढी तथा पहिरोको जोखिम बढेका बेला अनावश्यक यात्रा नगर्न र यात्रा गर्नैपर्ने अवस्थामा मौसम तथा सडकको अवस्था बुझेर मात्र आवतजावत गर्न सर्वसाधारणलाई आग्रह गरिएको छ ।

यसैबीच, मनाङ प्रशासनले पनि वर्षाका कारण पर्यटकीय पदमार्गमा पर्नसक्ने जोखिमलाई ध्यान दिँदै पर्यटकलाई सतर्कता अपनाउन आग्रह गरेको छ। प्रमुख जिल्ला अधिकारी मुक्तिप्रसाद खनालका अनुसार अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) अन्तर्गत मनाङ र धारापानी चेकपोस्टबाट पदयात्रीलाई मौसमको अवस्थाबारे जानकारी गराउँदै सावधानी अपनाउन भनिएको छ ।

मनाङमा पर्यटकीय गतिविधि बढिरहेको समयमा मौसम प्रतिकूल बनेकाले पदयात्रामा विशेष सावधानी आवश्यक रहेको प्रशासनको भनाइ छ । भारी हिमपातको अवस्था आए मुस्ताङ प्रशासनसँग समन्वय गरी अन्नपूर्ण पदमार्गअन्तर्गत थोरङ्ला भञ्ज्याङ जाने मार्ग बन्द गर्ने तयारीसमेत गरिएको छ ।

पर्यटकीय सिजन सुरू भएसँगै अन्नपूर्ण पदमार्गमा विदेशी तथा स्वदेशी पर्यटकको आवागमन बढ्न थालेको छ । तर, मौसममा हुने आकस्मिक परिवर्तन, हिमपात तथा बाढीपहिरोले पदयात्रा जोखिमपूर्ण बन्नसक्ने भएकाले पर्यटन व्यवसायीले पनि पर्यटकको सुरक्षालाई प्राथमिकतामा राख्नुपर्ने अवस्था आएको छ ।

लमजुङ प्रशासनका अनुसार भारी वर्षा भए बेंसीसहर-चामे सडकसँगै मध्यपहाडी लोकमार्ग, डुम्रे-बेंसीसहर सडक तथा जिल्लाका विभिन्न ग्रामीण सडकमा समेत पहिरो र सडक अवरोधको जोखिम बढ्न सक्छ। प्रशासनले सम्भावित विपद्का घटनामा स्थानीय तह, सुरक्षा निकाय तथा सम्बन्धित कार्यालयबीच समन्वय गरी तत्काल उद्धार तथा व्यवस्थापनको व्यवस्था मिलाउन आग्रह गरेको छ ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४